**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको**
**सूचना**

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को नियम २४ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-७ को प्रकरण ६ को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपी हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

"(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ३० मेगाहर्ज देखि १०.५ गिगाहर्ज सम्मको फ्रिक्वेन्सी प्रयोग गर्ने गरी कुनै पनि सार्वजनिक दूरसञ्चार नेटवर्कसँग मिलान नगरी स्मार्ट (Smart) विद्युत मिटर, टेलिमेट्रि वा यस्तै प्रकारका अन्य सेवा सञ्चालन वा सेवा प्रदान गर्न स्थापना भएको नेटवर्कमा प्रयोग हुने रेडियो उपकरणहरुको हकमा त्यस्ता नेटवर्कले ओगटेको आर.एफ. व्याण्डविथको आधारमा प्रति मेगाहर्ज फ्रिक्वेन्सी व्याण्डविथको लागि रु. १,२०,००,०००/-"

आज्ञाले,